मिति :२०७४/०४/१७

# प्रेश विज्ञप्ती

गुल्मी जिल्ला मुसिकोट नगरपालीका वडा नं.४ हलोगाडे निवासी कर्ण बहादुर सार्कीले सार्वजनिक किराना तथा खाजा पशलमा खाएको भाँडा नमाझेको निहुँमा पशलधनी शोभा कार्की र निजको छोरा कृष्ण बहादुर कार्कीले अमानवीय ब्यवहार गरी निर्घात कुटपिट गरी मरणासन्न बनाएको घटना सम्बन्धमा राष्ट्रिय दलित आयोगको गम्भिर ध्यानाकार्षण भएको छ ।

गुल्मी जिल्ला मुसिकोट नगरपालीका वडा नं. ४ निवासी वर्ष ४२ का कर्णवहादुर सार्की सामान्य ज्याला मजदुरी गर्ने व्यक्ति हुन् उनि सधै मेलापात गर्ने र अरुको भारी वोकेर जीविका चलाउदै आइरहेका थिए । कर्णबहादुरले शोभा कार्कीको घरमा चिया, पानी र कहिले काँहि मादक पदार्थ पनि सेवन गर्ने गरेको अध्ययनले देखाउछ ।

मिति २०७४ असाढ २४ गतेका दिन पीडित कर्ण वहादुर नेपाली विहानै मिठु नेपालीको चामल लिनको लागि वजार गएका थिए । मिठु नेपालीले चामल ल्याए वाफत खाजा खानु भनेकी थिइन । उनी चामल वोकेर शोभा कार्कीको पसलमा गए त्याँहा उनले तीन गिलास रक्सी खाएको देखिन्छ । रक्सी खाएर कर्णवहादुर चामल वोकेर हिड्न लाग्दा साउनी शोभा कार्कीले रक्सी खाएको गिलास धुन भनिन तर कर्णवहादुरले यो चामल मिठु नेपालीको घरमा छोडेर आएर गिलास धुन्छु भने तर पसल धनीले यी दमाई सार्कीले खाएको गिलास कस्ले धुन्छ, खुरुक्क अहिले नै यी गिलास धोएर जाउ भने पछि फेरी कर्णवहादुरले एक छिन पछि म यो चामल वोक्न सक्दिन म आएर धुन्छु भने पछि साउनीले ना ना थरी गाली गर्न थाले पछि कर्णवहादुर आफुले खाएको भाँडाहरु धुन भनि लाग्दा पसल धनी शोभा कार्की ले कर्णलाई यी दमाई सार्कीहरु ज्यादै वढि भएका छन भनि पछाडीबाट लौरोले हाने पछि कर्णवहादुर पानीको भाँडा( वाँटा)मा लड्न पुगे । पानीमा लडेपछि पानी चारैतिर पोखियो र उनले यसले मेरो घरको सवै समना छोयो भन्दै लौरोले कुट्न थालीन । मेला जान थालेकी राधिका सिहं ठकुरी, मुना गिरी र लक्ष्मी गिरीले यो सवै दृष्य देखेपछि कर्णको श्रीमति सुमित्रा नेपालीलाई भनिदिए । यो कुरा सुनेपछि कर्ण सार्कीकी श्रीमती सुमित्राले मेलामाबाट कार्कीका पसलको भाडा धोएर आउछु भनि विदा लिएर आएकी थिईन तर यतिवेला सम्म कर्णलाई साउनी शोभा कार्कीले लौराले हानेर हिड्न नसक्ने वनाई सकेकि थिइन । श्रीमति सुमित्रा नेपाली, धर्मापाल कटवाल्ली र गणेश खत्रीले वोकेर ओमवहादुर सिंह ठकुरीको घर वाहिर सुताएका थिए भने उता शोभा कार्कीले आफनो छोरा कृष्ण कार्कीलाई सवै कुरा भनिन् र रक्ष्यानमा भएको पानीमा पिसाव गरिदियो भनि कुरा लागाए पछि आफनो मोटरवाइकमा  गाँउका प्रत्येक घर घरमा गएर कर्णेको खोजी गर्न थाले । जव उसले ओमवहादुर सिंह ठकुरीको घरमा कर्णबहादुर सार्की रहेको थाहा पाए पछि तहाँ गएर दाउराले अन्धाधुन्द तरिकाले निर्घात कुटपीट गऱ्यो । लात, लाठी र वुटले कुटन सम्म कुटयो । कर्णले हात जोडेर जीवनको भिख माग्दा सम्म पनि उसले कुटन छोडेन त्यहाँ कुनै छुट्याउने मानीस कोहि पनि थिएनन । कर्ण रगतम्मै भएको भई बेहोस भएपछि पछि छोडेको देखिन्छ ।

अचेत अवस्थामा रहेका कर्णवहादुर सार्कीलाई वेलुकी मात्र गाँउका भद्रभलादमीहरुले औषधी उपचारको लीगि सदरमुकाम लैजान आग्रह गरे त्यहि समयमा पूर्ण गिरीले यसरी किन कुटेको भन्दा पीडक कृष्ण कार्कीले अझै वढी नवोल एउटालाई मार्दा पनि जेल जाने हो तिम्रो पनि यसै हालत होला भन्न थाल्यो । यसलाई जस्ले औषधी उपचार गर्न लैजान्छ उनीहरु कसैलाई पनि नछाड्ने धम्कि समेत कृष्ण बहादुर कार्कीले दिएको पाइयो ।  केहि महिलाहरुले कर्णवहादुरलाई वोकेर वजार सम्म ल्याए तर वजारमा नै कृष्णका मान्छेहरुले ती महिलाहरु माथी हातपात गरे जति हातपात गरे पनि मान्छे मर्न दिन हुदैन भन्दै महिलाहरु अगाडी वढेको देखिन्छ । कृष्णका मान्छेहरुले तीन ठाँउमा ठुलो अवरोध गर्दा पनि उनीहरुले कर्णवहादुरलाई गाडीमा राखेर सदरमुकाम सम्म पठाए र अहिले पिडीत कर्णवहादुर नेपालीको सातौं करङ्ग भाँचिएको र एउट करङ्ग बाङ्गीएको हुँदा उनी भैरहवा स्थीत अस्पतालमा उपचार गरिरहेको

अध्ययनले देखाएको छ ।  । उक्त घटनाका वारेमा विभिन्न मिडिया तथा सामजिक संजालहरुमा आए पछि राष्ट्रिय दलित आयोगको संयोजकत्वमा संयूक्त अनुगमन टोली  र समता फाउण्डेशनको अगुवाईमा छुट्टा छुट्टै अध्ययन टोली मिति २०७४ श्रावण ५,६,७,८ गते गुल्मी जिल्लास्थित पीडित, पीडक पक्षहरुको घरका सदस्यहरु, स्थानी वासीन्दा छरछिमेक, प्रत्यक्ष दर्शी तथा घटनास्थल लगायतका स्थानमा स्थलगत भ्रमण गरी सरोकारवाला निकाय, स्थानीय बासिन्दासंग घटनाका सम्वन्धमा जानकारी लिएको थियो ।

देशमा आज गणतन्त्र स्थिापीत भइसकेको छ । नेपालको संविधानको प्रस्तावनामानै जातीय भेदभाव तथा छुवाछुत र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने संकल्प गरेको छ भने जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय)ऐन,२०६८ कार्यान्वयन भईरहेको अवस्थामा यस्ता किसिमका जातीय भेदभाव तथा छुवाछुत गर्नु र सोहि कारणले निर्घात कुटपिट गरी अंगभंग गराई मराणासन्न बनाएको घटना प्रति राष्ट्रिय दलित आयोग खेद प्रकट गर्दै पिडित कर्णबहादुर सार्कीलाई आवस्यक क्षतिपूर्ति र पिडक शोभा कार्की र निजका छोरा कृष्ण बहादुर कार्कीलाई हदै सम्मको कारवाही हुन सम्वन्धीत पक्षसंग राष्ट्रिय दलित आयोग जोडदार माग गर्दछ ।

**अध्ययन टोलीका सदस्यहरू**

## राष्ट्रिय दलित आयोग

माननीय मञ्जित ताम्रकार, सदस्य, राष्टिय दलित आयोग

रामबहादुर विश्वकर्मा, कार्यक्रम अधिकृत, राष्टिय दलित आयोग

युवराज दर्नाल, दलित गैरसरकारी संस्था महासंघ

प्रदिप वज्राचार्य, आदिवासी जनजाती उत्थान प्रतिष्ठान

## संयुक्त राजनैतिक दलित संघर्ष समिति

टीकाराम दियाली, संयोजक, संयुक्त राजनैतिक दलित संघर्ष समिति

परशुराम रम्तेल, सह संयोजक राष्टिय दलित मुक्ति मोर्चा/पुर्व सभासद

गणेश विश्वकर्मा : महासचिव, मुक्ति समाज नेपाल तथा राष्ट्रिय दलित नेटवर्क

## दलित नागरिक समाज

शिवजी गायक, जागरण मिडिया सेन्टर

रवि विश्वकर्मा, नेपाल राष्टिय दलित समाज कल्याण संघ

गोपाल नेपाली, समता फाउण्डेशन